सफाई र कीटाणुमुक्त

नम्मिन दशिानर्दिेशहरू कोरोना भाइरस (COVID-19) जस्ता रोगहरूबाट आफूलाई जोगाउन नेल सलुनहरूको लागि हो।.

हात सफाई

- सबै कर्मचारीहरू ले साबुन र न्यानो (मन तातो) पानीले ग्राहक लिनु भन्दा अघि र पछि आफ्नो हात कम्तिमा २० सेकेन्ड धुनु पर्छ।.
- यदि साबुन उपलब्ध छैन भने, रक्सीमा आधारित हातमा लगाउने सेनिटाइजर प्रयोग गर्नुहोस् (कम्तिमा ६०% रक्सी)। सेनिटाइजर पूर्ण रूपमा सुख्खा नभएसम्म (लगभग ३० सेकेन्ड) हातहरू माडनुहोस्।.

- सबै कर्मचारीहरूले खाना खाइसकेपछि, बाथरूमको प्रयोग गरेपछि, सिगान फाले पछि, धुम्रपान गरेपछि, लेनदेन पूरा गरेपछि, र सेवा पूरा गरिसकेपछि आफ्ना हातहरू धुनु पर्छ।.

- यदि उनीहरूले अनुहार, नाक, आँखा, सेलफोन, ढोका, क्रेडिट कार्ड मेशिन, कम्प्युटर, नगद दर्ता वा कुनै सफा नभएको सतहमा छुन्छन भने सबै कर्मचारीले तुरुन्त आफ्नो पन्जा परिवर्तन गर्नुपर्छ वा साबुन र पानीले हात धुनु पर्छ।.
- सैलुनमा प्रवेश गर्दा र प्रत्येक सेवा अघि सबै ग्राहकहरूको हात धुनु आवश्यक छ।.
- ग्राहकहरूलाई सेवा पछि हातमा लगाउने सेनिटाइजर प्रदान गर्नुहोस, जब तिनीहरू सलुनमा प्रवेश गर्छन्, बाहिर निस्किन्छन् र विश्रामकक्षबाट बाहिर निस्कँदा, उनीहरूले आफ्नो हात धोएको भए पनि सेनिटाइजर दिनुहोस । आफ्नो हात धोएको भए पनि सेनिटाइजर दिनुहोस ।

सामान्य सफाई

- तपाईंको सैलुन पुनः खोल्नु अघि, सबै सतहहरू, भुइँहरु, भित्ताहरू, झ्यालजहरू, क्याबिनेटहरू, रिसेप्शन काउन्टर,औजार, उपकरण, नेल उत्पादनहरू, र कपडाहरू सफा गर्नुहोस्। मास्क र पुनः प्रयोग गर्न मिल्ने रबरको पन्जा लगाउनुहोस्।
- कर्मचारीलाई कागजको रुमाल, ढक्कन भएको छुन नपर्ने फोहोर हाल्ने टोकरी, सफा गर्नेहरू र कीटाणुनाशक प्रदान गर्नुहोस्।.
- भुइँ दिन भर राम्रोसँग सफा गर्नुपर्दछ।.
- सबै प्रयोग गार्बेज (टोकरीहरू) दैनिक खाली गर्नुपर्दछ र सफा राख्नुपर्नेछ वा धोएर सफा राख्ने वा प्लास्टिक थैलाहरु (लाइनरहरू)प्रयोग गरेर ।.

योजना बनाउनुहोस

- प्रत्येक शफि्टको सुरू र अन्तमा र प्रत्यक चोटी नया ग्राहकहरू लदिा त्यस बचिमा सफा गर्ने कर्मचारीसँग स्पष्ट रूपमा कुराकानी गर्नुहोस्।.
- मति, समय र रसिेप्शनको लागसिफाईको प्रकार, बशि्राम क्षेत्र र सौचालयहरूको सफाईको लागसिफाई दैनकिी तालकिा बनाउनुहोस । नमि्न स्थानहरु सफा र कीटाणुरहति गर्नुहोस्:

धेरै छुईरहने क्षेत्रहरू - प्रत्येक २-३ घण्टा, मुख्य प्रवेश द्वार र सौचालयका ह्यान्डलहरू, स्वागत डेस्क,बिश्राम क्षेत्र, खुद्रा बिक्रि क्षेत्रहरू, बिक्री उपकरणको बिन्दु, प्रदर्शन र प्रदर्शन उत्पादहरू सहित।	धेरै छुईरहने क्षेत्रहरू - प्रत्येक २-३ घण्टा, सौचालयको ढोका,बिश्राम कक्षहरू र स्वागत क्षेत्र- प्रत्येक २-३ घण्टा वा बढी पटक	काम गर्ने ठाउहरू - प्रत्येक ग्राहकको अगाडि र पछाडि

यदि सलुन व्यस्त छ भने, बारम्बार कीटाणुरहित गर्ने गर्नुहोस्।

कीटाणुनाशक



- कडा गैर-छिद्रपूर्ण सतहहरू, गिलास, धातु र प्लास्टिकको सतहहरूमा कीटाणुनाशकले मात्र सफा गर्ने काम गर्दछ। कीटाणुरहित गर्नु अघि साबुन पानी वा क्लीनरको साथ सबै सतहहरू र उपकरणहरू सफा गर्नुहोस्।.
- कीटाणुनाशकहरू प्रयोग गर्नुहोस् जुन EPA- रेजिष्टर्ड, N सूची र जीवाणुनाशक, विषाणुनाशक र ढुसिनासक को रूपमा लेबल गरिएको होस्। उत्पादन COVID-19 का अहिले सम्म लागि लेबल लगाइने छैन।.
- सफाई र कीटाणुनाशकहरूको लागि निर्माताको निर्देशनहरू पालना गर्नुहोस्। उत्पादनहरू सँगसँगै नमिसाउनुहोस् किनभने यसले खतरनाक रासायनिक प्रतिक्रिया निम्त्याउन सक्छ।.
- भाइरसलाई पूर्ण रूपमा मार्नका लागि कीटाणुनासक सतहमा भिजेको देखिने गरि निर्देशन गरिएको समय अनुसार उपयोग गर्नुहोस। भिजाउने / स्प्रेको लागि सामान्य "सम्पर्क समय" १० मिनेट हो, कीटाणुनाशक वाइपहरूको लागि २--4 मिनेट हुन्छ।.
- स्कर्मचारीलाई १०-१५ मिनेट बिना कुनै प्रतिक्रिया अपोइन्टमेन्टहरू बीच उचित स्वच्छताका लागि अनुमति दिनुहोस्।.

मैनीक्योर स्टेशनहरू

- प्रत्येक ग्राहकको अघि र पछाडि गुड्ने टेबल र ट्रे सहित सबै कार्य क्षेत्रका सतहहरू सफा र कीटाणुरहित गर्नुहोस् ।.
- कुर्चीहरु, टाउको आराम, पाखुरा आराम गर्ने र मेनीक्योर टेबलहरू प्रत्येक ग्राहकको अघि र पछी यसको कीटाणुरहित गर्नुहोस् । साथै सबै छोएका सतह र प्रयोग गरिएको बस्तुहरु ।.
- छाला र कपडाका कुर्सीमा प्लास्टिक को ढाक्ने प्रयोग गर्नुहोस् ।.
- प्रयोग गर्न तयार नभएसम्म सफा उपकरणहरू बन्द कन्टेनरमा भण्डारण गर्नुपर्नेछ ।.

पेडीक्योर स्टेशनहरू

- फुट-स्पा, बेसिनहरू र पेडीक्योर कचौराहरू राम्रोसँग सफा गर्नु पर्छ र प्रत्येक ग्राहक पछि कीटाणुमुक्त हुनुपर्दछ यदि एक डिस्पोजेबल प्लास्टिक लाइनर प्रयोग गरिएको छ भने पनि ।.
- पेडीक्योर स्टेशनका हटाउन मिल्ने सबै भागहरु साबुन र पानीले सफा गर्नुहोस्, सफा पानीले पखाल्ने र त्यसपछि कीटाणुनाशकमा डुबाउनुहोस् ।.
- पेडीक्योर कचौरामा प्रयोग हुने चट्टानहरू / ढुङ्गाहरू धुनुहोस् र कीटाणुरहित गर्नुहोस् ।.
- यदि तपाइँको कचौरामा जेटहरू छन् भने जेटहरूलाई जीवाणुनाशक सहित पूर्ण १० मिनेट चल्नका लागि अनुमति दिनुहोस् वा निर्माताको निर्देशनहरू अनुसार ।.

उपकरण





- प्रत्यक ग्राहक लिनु अघि पुन: प्रयोग गर्न मिल्ने सबै गैर-विद्युतीय उपकरणहरू सफा र किताणुरहित गर्नुहोस्:
    - साबुन र पानीले सफा गर्नुहोस् । कागज तौलियाले उपकरणहरू सुख्खा पार्नुहोस ।.
    - निर्माताको निर्देशन अनुसार EPA मा दर्ता भए अनुसार कीटाणुनाशकमा उपकरणहरू डुबाउनुहोस ।.
- एकल प्रयोग उपकरणहरू जस्तै कार्डबोर्ड फाईलहरू, ड्रिल बिटहरू र बफरहरू केवल प्रति ग्राहक एक पटक प्रयोग गर्नुपर्नेछ र त्यसपछि खारेज गरिनेछ । तिनीहरूलाई कीटाणुरहित गर्न सकिदैन ।.
- नेल ड्रायर सहित विद्युतीय उपकरणहरू पुछेर सफा गरिनु पर्छ, प्रत्येक ग्राहक अघि कितानुराहित गरिनु पर्छ ।.
- सफा गरिएका र कीटाणुरहित उपकरणहरू सफा, सुक्खा, कन्टेनर वा प्रयोग भन्दा अलग ठाउँमा भण्डार गर्नुहोस् ।.
- भिज्ने उपकरणहरूको लागि कीटाणुनाशक दिनहुँ मिसिनु पर्छ र यदि काम गर्ने दिनमा यो दुसित हुन्छ भने छिटै नै बदल्नुपर्दछ ।.
- काम गर्ने ठाउँमा सबै वस्तुहरू या त नयाँ हुनुपर्दछ, कहिल्यै प्रयोग नगरिएको वा सफा र किटाणुरहित हुनु पर्छ ।.
- यदि तपाईंसँग एक अटोक्लेभ छ भने प्रयोग गर्नुहोस् ।.

सौचालय

- शौचालयका सबै सतह सहित भुइँ, सिंक्स, सौचालय कचौरा, साबुन प्रबन्धक र सबै ह्यान्डलहरू सफा र किटाणुरहित गर्नुहोस्। प्रत्येक २-३ घण्टामा वा सम्भव भएमा प्रत्येक प्रयोग पछि सौचालय सफा / किटाणुरहित गर्नुहोस्।.
- मैनबत्ती, सौन्दर्य आपूर्ति र सजावट जस्ता अनावश्यक वस्तुहरू बाथरूमबाट हटाउनुहोस्।.
- कर्मचारी र ग्राहकहरूको लागि सौचालयमा हात धुने संकेतहरू टास्नुहोस।.
- कागज तौलियाहरू प्रदान गर्नुहोस् ताकि मानिसहरूले बिना छोई ह्यान्डल प्रयोग गर्न सक्दछन्। रद्दी टोकरी ढोकामा राख्नुहोस्।.
- बाथरूममा एयर-ड्रायरको प्रयोग बन्द गर्नुहोस् किनकि त्यसले भाइरस फैलाउन सक्दछ।.
- साबुन र कागज तौलिया प्रबन्ध को लागि बिना छुएर चल्ने मसिन जडान गर्नुहोस्।.
- शौचालय सिट ढक्कनको साथ जडान गर्नुहोस्। दिशा पिसाब बगाउदा शौचालयको ढक्कन बन्द गर्न संकेत राख्नुहोस्।.
- ग्राहकहरुका हातहरुलाई कीटाणुमुक्त गर्न विश्राम कोठा बाहिर हात सफाई क्षेत्र वा सेनिटाइटर प्रदान गर्नुहोस् (उनीहरूले आफ्नो हात धोय पनि)।.

कपडा, गाउन र तौलिए



- कर्मचारीले सफा रुमालहरू प्रयोग गर्नु पर्छ जसले आफ्नो हात धुनु भएको छ वा नयाँ पन्जा लगाउनु भएको छ।.
- प्रयोग गरिएको रुमाल तुरुन्तै हटाउनुपर्नेछ र सेवाको अन्त्यमा झोलामा राख्नुपर्छ।.
- यदि सलुनले लुन्ड्री टोकरी वा पुन: प्रयोग योग्य लुन्ड्री झोला प्रयोग गर्दछ भने, धुलाई को बिच सफा गर्नुहोस्। यदि डिस्पोजेबल ब्यागहरू प्रयोग गरियो भने, प्रयोग पछि फ्याक्नुहोस।.
- सबै कपडा, तौंली र गाउन तातो पानी साबुन पानी मा धुनुहोस् र न्यानो तापमानमा सुकाउनुहोस। बन्द क्याबिनेटमा सफा वस्तुहरू भण्डार गर्नुहोस्।.
- लुन्ड्री कोठाहरू वा लुगा भण्डारण कोठाको सबै ठाउमा पूर्ण रूपमा दैनिक सफा गरिनु पर्छ।.
- यदि तपाईं घरमा धुनुहुन्छ भने, निश्चित गर्नुहोस् कि धुने फोहोर लुगा डिस्पोजेबल झोलामा राखिएको छ जुन पछि फाल्नु पर्छ वा पुन: जुन प्रयोगयोग्य झोला छ त्यो सफा / धोएको हुनुपर्छ।.